# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ संख्या :१२ चैत्र १९, २०७९

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-१२-१९ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९।१२।१९ गतेको १२ औं कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा
२. मिति २०७९ चैत्र २० गते हुने १२ औ गाउँसभाको पुरक बजेट सम्बन्धमा
३. प्रदेश समपुरक र विशेष अनुदानको योजनाहरु सिफारिस सम्बन्धमा
४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा विभिन्न निकायहरुका परिपत्र तथा निर्देशन सम्बन्धमा
५. विविध खर्च शिर्षकको रकम भुक्तानी सम्बन्धमा
६. आर्थिक सहायता सम्बन्धमा
७. विभिन्न संस्थालाई सहयोग सम्बन्धमा

**मिति २०७९।१२।१९ गतेको बाह्रौ कार्यपालिकाको बैठकको निर्णयहरु**

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | मिति २०७९ चैत्र २० गते हुने गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७९/०८० को नीति कार्यक्रम र बजेट संशोधनको गरी रु ३ करोड २५ लाख ५० हजारको कार्यक्रमहरु स्वीकृतीको लागि सभामा पेश गर्ने । |
| ३. | लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयको च.नं. ७१० मिति २०७९।१२।०८ को पत्रानुसार आगामी आ.व. ०८०/०८१ का लागि समपुरक अनुदानमा देहाय बमोजिमका योजनाहरु सिफारिस गरि पठाउने ।<br>१. खर्ज्याङ्ग-बाखे-बन्द्रखुट्टा-विरबास-सिस्ने जुभुङ्ग मोटरबाटो स्तरोन्नती १ करोड (वडा नं. २ र ४ जोड्ने सडक)<br>२. झिरबास-टापु-रैनादी-डल्लीखोला मोटरबाटो स्तरोन्नती १ करोड (वडा नं. १)<br>३. गुल्मीदरबार एकघर एक धारा कार्यक्रम (वडा नं. १ देखि ७ सम्म)<br>४. ठुलाचौर-राजा-भट्टेचौर-मिसुगा-पल्लीकोट मोटरबाटो स्तरोन्तनी (वडा नं. ३ ४ ७ र छत्रकोट गापाको वडा नं. २ जोडने सडक) |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा विभिन्न निकायहरुका परिपत्र तथा निर्देशनहरु बैठकमा प्रस्तुत भई छलफल भयो । निर्देशन र परिपत्रलाई कार्यान्वयन गर्ने गराउने । |
| ५. | गुल्मीदरबार गाउँपालिकामा जिल्लाबाट आउनु हुने सुरक्षा निकाय, जिल्ला समन्वय प्रमुख लगायतका पदाधिकारी, जिल्लास्थित पालिकाका पदाधिकारीहरु तथा जिल्ला बाहिरका पालिकाका पदाधिकारी, संघ तथा प्रदेशका माननीयज्यूहरु लगायतबाट कार्यालय अनुगमन, भेटघाट, असल अभ्यास आदान प्रदान,कार्यपालिका बैठक, विभिन्न विषयगत समितिका बैठकहरु लगायतका कार्यहरुमा खाजा नास्ता वापत खर्च भएको रकम रु. २ लाख ६ हजार रुपैया भुक्तानी गर्ने । |
| ६. | गुल्मीदरबार गाउँपालिका वडा नं. ३ निवासी तेज बहादुर थापा क्षेत्रीको छोरी श्री टिका देवी थापाको दुवै मृगौलामा समस्या देखिएको र उपचारको लागि आर्थिक अवस्था कमजोर रहेको हुँदा रु. २५०००।— रकम उपलब्ध गराउने साथै वडा नं. ४ निवासी तेज बहादुर ढेंगाको फोक्सो सम्बन्धी उपचारको लागि मनमोहन कार्डियोथेरासिक भासकुलर एण्ड प्लान्ट सेन्टरमा उपचार गराईरहेको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा उपचारको लागि रु २५०००।— रकम आर्थिक सहायता उपलब्ध गराउने । |

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| ७ | जिल्लामा रहेको महिला उद्यमी संघलाई महिला उद्यमीहरुको वृहत्तर हितको लागि कार्य गर्न रु. २५०००।—(पच्चिस हजार), बैदेशिक रोजगारीबाट फर्किएका श्रमीकहरुको उचित व्यवस्थापनको लागि विभिन्न कार्यहरु गर्ने रिटर्नी फेडेरेसन नेपाल जिल्ला कार्य समिति गुल्मीलाई रु १५०००।—(पन्ध्र हजार), आदीबासी जनजाती महासंघ गुल्मीदरबारलाई रु १५०००।— (पन्ध्र हजार) महिलाहरुबाट संचालन तथा व्यवस्थापन भएको सहकारी संस्था ठूलोपोखरा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. लाई सहकारी सुदृढीकरण,कृषि एम्बुलेन्स संचालन व्यवस्थापन लगायतको कार्यको लागि रु १०००००।— (एक लाख) र धर्म तथा संस्कृति संरक्षणको लागि प्रस्तावनामा तोकिएको कार्यहरु र बिलभरपाई पेश गरी भुक्तानी गर्ने गरी श्री रेसुङ्गा संरक्षण समिति तम्घास गुल्मीलाई रु २ लाख सहयोग उपलब्ध गराउने । |